# प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

# फोटो कथा

## २०२०



USAID
अमेरिकी जनताबाट

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# अवसरहरुको संसार

*पढाइको नयाँ तरिकाले दीपिकालाई पढाइमा रुचि बढेको छ*




S.S.S.S.

नौ वर्षिया दीपिका लिम्बुको घर धनकुटाको सुन्दर पहाडमा छ । उनी आफ्ना साथीसँग खेल्न जति रुचाउँछिन । बाख्राका पाठासँग खेल्न पनि उत्तिकै मन पराउँछिन् । घरकी जेठी छोरी भएकाले आमा व्यस्त हुँदा दीपिका आफ्ना दुई बहिनीको हेरविचार पनि गर्ने गर्छिन् ।





कक्षा दुईमा पढ्ने दीपिका अरु बेला भने किताबकै संसारमा रमाइरहेकी हुन्छिन् । सानो झ्यालबाट आउने घामको उज्यालो पर्ने ठाउँमा उनी बस्छिन्, जुन उनको पढ्ने कुना हो । त्यहीँ बसेर उनी विद्यालयबाट ल्याएका कथाका किताब नियाल्दै हुन्छिन् । उनको परिवार त्यति सम्पन्न छैन, त्यसैले उनको पढ्ने ठाउँ फराकिलो छैन । उनीसँग प्रशस्त पढ्ने लेख्ने सामग्रीहरू पनि छैनन् । उनीसँग त पढाइप्रतिको लगाव र पढाइमा राम्रो गर्ने प्रेरणा मात्र छ ।





उनको विद्यालयमा दुई वर्षअघि, सन् २०१८ मा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भयो । यस कार्यक्रमबाट विद्यालयमा रङ्गीचङ्गी चित्रसहितका र कक्षा सुहाउँदा प्रशस्त रमाइला किताबहरू प्रदान गरियो । पढाइलाई सहयोग गर्न विसङ्केतन किताबहरू पनि प्रदान गरियो । साथै शिक्षकहरूलाई विद्यालयमा उपलब्ध गराइएका शैक्षणिक सामग्रीको प्रयोग गरेर अन्तर्क्रियात्मक तरिकाले पढाउनका लागि प्रशिक्षण दिइयो ।

दुई वर्षअघिसम्म पनि उनका अग्रजले यति मनमोहक र रोचक सामग्रीहरूको कल्पना गर्न सक्ने अवस्था थिएन । उनीहरूले श्यामश्वेत पाठ्यपुस्तकहरू मात्र देखेका थिए । निजी विद्यालयहरूमा रङ्गिन किताबहरू पढाइ हुने गर्थे । तर नि:शुल्क शिक्षालाई न्यूनतम सेवाको रुपमा लिइने दीपिकाको जस्तो सामुदायिक विद्यालयमा यस्ता कुराहरू हुँदैनथे ।


USAID



यस कार्यक्रमको सहयोगबाट उनको कक्षाकोठालाई विभिन्न रङ्गिन चित्र, पोस्टर र रोचक सामग्रीहरूले सजाइएको छ । चिटिक्क देखिने गरी सेतोपाटीको दुवै छेउका भित्तामा झुन्ड्याइएका कथा र कविताका किताबहरूले उनलाई आफ्नो पाठ्यक्रमभन्दा बाहिरको संसार खोजी गर्न सक्ने बनाएको छ ।

दीपिका एक सक्रिय विद्यार्थी हुन्, जो आफ्नो कक्षाका हरेक क्रियाकलापमा उत्सुक भएर भाग लिन्छिन् । उनलाई सबैभन्दा मन पर्ने क्रियाकलाप चाहिँ "पिनव्हील चार्ट"मा भएका शब्दहरू मिलाएर वाक्य बनाउनु हो । उनका कक्षाका अरु साथीहरू पनि यो क्रियाकलाप गर्न निकै रुचाउँछन् र अर्को वाक्य बनाउनलाई उत्सुक भई आफ्नो पालो कुर्ने गर्छन् ।









राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको तालिममा सिकेका कुरा कक्षा शिक्षणमा अवलम्बन गरेपछि विद्यार्थीहरू पहिलेभन्दा निकै छिटो सिक्ने र सिकेका कुरा राम्ररी बुझ्न सक्ने भएका छन् भन्ने कुरा दीपिकाकी कक्षा शिक्षक दीपकला इवाहाङ स्वीकार्छिन्।

सन् २०१८ मा भएको शिक्षक पेसागत विकास प्रशिक्षणले शिक्षक दीपकलालाई शिक्षणको “क्रमिक सिकाइ रणनीति” सिकायो जुन “म गर्छु, हामी गर्छौं, तिमी गर”भनेर बुझिन्छ।





हिजोआज उनी नयाँ शब्दहरू सिकाउँदा आफूले हाउभाउ र इशारा गर्दै विद्यार्थीहरूलाई पनि त्यही अनुशरण गर्न लगाउँछिन् । शब्दमा भएका अक्षरहरू टुक्र्याउन उनी आफ्नो हातलाई खण्ड-खण्डमा छुट्ट्याएको इशारा गर्दै वर्णन गर्छिन् । दीपिका पनि निकै उत्साहित हुँदै शिक्षकको अनुकरण गर्छिन् । दीपकला भन्छिन्, “बालबालिका यो पूरै क्रियाकलापमा सहभागी हुन औधी मन पराउँछन् ।”





कक्षाकोठाको अघिल्तिर उभिएर शिक्षकले कक्षाका पूरै विद्यार्थीले देख्न सक्ने गरी बनाइएका चित्रसहितका ठुला आकारका “ठुलो किताब” का अक्षर देखाउँदै सस्वर वाचन गर्दा दीपिका कथामा डुब्ने गर्छिन् । “ठुलो किताबमा भएका ठुला अक्षर र स्पष्ट चित्रहरूका कारण विद्यार्थीहरूलाई मैले पढाएको बुझ्न सजिलो हुन्छ”, दीपकला दाबी गर्छिन् ।





यो कार्यक्रम कार्यान्वयनको प्रथम चरणका १६ जिल्लाहरूका लागि एक करोडभन्दा बढी शैक्षणिक र सन्दर्भ सामग्रीहरूको विकास र छपाइ गरी, ५,००० भन्दा बढी सामुदायिक विद्यालयमा वितरण गरिसकिएको छ ।



दीपिकालाई किताब र पढाइमा जति लगाव छ, आफ्नो शिक्षकले बनाइदिएका पढाइका अन्य सामग्रीहरूमा पनि उत्तिकै रुचि छ । शिक्षकले दिएको कागजको हवाईजहाज हातमा लिँदा उनी आफ्नो उत्साह नै सम्हाल्न सक्दिनन् ।

“मेरा विद्यार्थीहरूको खुसी र रुचिले नै मलाई उत्प्रेरित गर्दछ”, दीपकला भन्छिन् । शिक्षक दीपकलाले विद्यार्थीहरूलाई पढाउने सामग्री स्थानीय तहमा बनाउन र प्रयोग गर्ने कार्यक्रमले दिएको प्रशिक्षण पनि प्राप्त गरेकी छिन् ।



दीपिकालाई भने कक्षा कोठाको कार्पेट र चकटीमा बस्ने समय चाहिँ सबैभन्दा रमाइलो लाग्छ । त्यतिबेला उनी भित्ते झोलाबाट आफूलाई मन पर्ने कथाको किताब छानेर पढ्न सक्छिन् र कार्पेटमा आराम गर्दै कल्पनाको संसारमा हराउन सक्छिन् ।



१६ जिल्लाहरूका सबै सामुदायिक विद्यालयहरूमा शैक्षणिक सामग्री, सन्दर्भ सामग्री र शिक्षक तालिम सामग्री पुर्‍याइए तापनि, दीपिकाको विद्यालय त अझै "विद्यालय व्यवस्थापन समिति"को अनुदानका लागि समेत छनोट भएका १,५०० विद्यालयहरूमध्ये एक रहेको थियो । यस अनुदानले विद्यालयलाई प्रारम्भिक कक्षाहरू छापामय बनाउन कार्पेट, चकटी र सहज डेस्कको व्यवस्था गरी पढाइको संस्कृति प्रवर्द्धन गर्न मदत पुर्‍याएको थियो ।

दीपिका हरेक दिनजसो आफूलाई मन परेको कथाको किताब घर लान्छिन् । त्यो किताब उनी साँझपख आफ्नो बुबालाई पढेर सुनाउँदछिन् । दिलबहादुर लिम्बु भने आफ्नो पालाका जस्ता घोकाएर पढाउने शैलीभन्दा अहिलेका पढाइका तरिकाहरू निकै फरक भएको देख्दा खुसी छन् । “बालबालिका अब सानै उमेरबाट धेरै अवधारणा बारे सचेत हुने गरेका छन्”, सन्तुष्ट हुँदै दिलबहादुर भन्छन् । “हाम्रो स्कुले दिनहरूमा हामीले पाउने ज्ञान साँघुरा थिए”, उनी थप्छन् ।





दिलबहादुर आफ्नी छोरीको हिज्जे र उच्चारणलाई ध्यान दिँदै पढाइमा मदत गर्न कम्तिमा ३० मिनेट समय दिने गर्छन् । “अभिभावकका रूपमा हामीले आफ्ना छोराछोरीका लागि पूरै दिन छुट्याउन त नसकौँला, तर उनीहरूको पढ्ने बानीलाई प्रोत्साहित गर्न पर्याप्त समय दिने गर्नुपर्छ”, उनी भन्छन् । उनी नियमित अन्तरालमा छोरीको पढाइका बारे बुझ्न छोरीका शिक्षकहरूलाई भेटेर छलफल पनि गर्छन् ।

दिलबहादुरमा आफ्नो सन्तानको शिक्षाप्रतिको यो समर्पण एकजना "दौँतरी शिक्षक"को प्रेरणाबाट प्राप्त भएको हो । यी दौँतरी शिक्षकले बालबालिकाको पढाइमा अभिभावकको सहभागिता कसरी बढाउन सकिन्छ भन्ने बारेमा सल्लाह दिने र पैरवी गर्ने प्रशिक्षण प्राप्त गरेका छन् ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका तालिम प्राप्त दौँतरी शिक्षक श्रीकृष्ण कट्टेल बताउँछन्, "पहिले पहिले, अभिभावक आफ्ना सन्तानको शिक्षामा सक्रिय रुपमा चासो राख्दैन थिए । पढाइ मेला र पढाइ प्रतियोगिता जस्ता क्रियाकलापबाट अभिभावकले अरुको तुलनामा आफ्ना बालबालिकाको क्षमता देखे । यसले अभिभावकमा एउटा जिम्मेवारीबोध र प्रतिस्पर्धात्मक भावना पैदा गरेको छ, जसले उनीहरुलाई आफ्ना छोराछोरीको शिक्षामा अझै सक्रिय भूमिका खेल्न प्रेरित गरेको छ ।"






दिलबहादुर १,२०,००० भन्दा बढी दौँतरी शिक्षक मध्येका एक हुन, जसमा ६४% महिला सहभागिता रहेको छ ।



यस कार्यक्रमको समग्र सहयोगबाट दीपिकाको जीवन रुपान्तरित भएको छ । धनकुटाको गाउँमा अवस्थित एउटा सानो सामुदायिक विद्यालयमा उनले प्राप्त गरेको अनुभव उनको भविष्यको लागि एउटा बलियो जग बनेको छ ।

दीपकलासँग पठन प्रवाह र बोधका पहिलेका अभिलेखहरू नभए तापनि, उनी के स्वीकार्छिन् भने दीपिकाले पछिल्लो समयमा पठनसिप र बोधमा राम्रो सुधार गरेकी छिन् । एक वर्षमै, दीपिकाको पठन प्रवाह झण्डै ७० शब्द प्रतिमिनेट पुगेको र उनको बुझाइ पनि उच्च रहेको छ ।



राष्ट्रिय मापदण्डअनुसार, एक “राम्रो पाठक”ले नेपाली भाषामा प्रतिमिनेट ४५ शब्दहरू ठिकसँग पढ्न सक्ने र त्यसको ८० प्रतिशत सार बुझेको हुनुपर्ने भन्ने निर्धारण गरिएको छ ।

यो मापदण्ड राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमद्वारा नै स्थापित गरिएको हो, जसले विद्यार्थीको पठन प्रवाह र बोध क्षमता मापन गर्न सजिलो बनाएको छ । अभिभावकको उपस्थितिमा, कार्यक्रमद्वारा तालिम प्राप्त कक्षा शिक्षकले बालबालिकाको वार्षिक उपलब्धि मापन गर्न कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कन गर्ने गर्छन् ।

दीपिकाको आफ्नो पढाइप्रतिको मोह, शिक्षक र बुबाको साथ र सहयोगले गर्दा उनी आफ्नो विद्यालयद्वारा आयोजित पढाइ प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएकी थिइन् ।

यस कार्यक्रमद्वारा प्रदान गरिएको विद्यालय व्यवस्थापन समिति (विव्यस) अनुदानले गर्दा दीपिकाको विद्यालयमा पढाइ प्रतियोगिताहरु आयोजना गर्न सम्भव भएको छ । यसअघि विव्यस सञ्चालनमा रहे तापनि, यस अनुदानपछि भने यो समिति विद्यालयको पठनपाठन प्रक्रियामा अझै सक्रियताका साथ सहभागी भएको छ । कार्यक्रमद्वारा स्थापित यी राम्रा अभ्यासहरूलाई निरन्तरता दिन, अहिले विव्यसले नियमित रुपमा बैठकहरुको आयोजना गर्ने र आफ्नो कामको समीक्षा पनि गर्ने गरेको छ ।





दीपिका यस्तै ५,५०,००० प्रारम्भिक कक्षाको विद्यार्थी मध्येकी एक हुन्, जसले कार्यक्रमबाट प्रत्यक्ष लाभ पाएकी छिन् । यो कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा र युएसएआइडीको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्राविधिक सहयोगमा नेपालका १६ जिल्लामा अवस्थित सबै सामुदायिक विद्यालयका प्रारम्भिक तहका विद्यार्थीको पठन प्रवाह र बोधमा सुधार ल्याउन लक्षित गरेर ल्याइएको कार्यक्रम हो ।

यस कार्यक्रमबाट बालबालिकाको सिकाइमा देखिएको सकारात्मक प्रभावका महत्त्वपूर्ण पक्षहरूलाई नेपालका अरु जिल्लामा क्रमशः लागु गर्ने उद्देश्यले “राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम न्यूनतम प्याकेज” विकास गरिएको छ । आजसम्म नेपाल सरकारले कार्यक्रमका न्यूनतम प्याकेजलाई सन् २०१८/२०१९ मा ४ जिल्लामा र सन् २०१९/२०२० मा थप १० जिल्लामा विस्तार गरिसकेको छ । यसैगरी सन् २०२०/२०२१ मा प्रत्याशित ८ जिल्ला थप गरिएपछि जिल्लाहरूको कुल सङ्ख्या ३८ पुग्नेछ । यसै गरी आगामी वर्षहरूमा देशव्यापी रुपमा विस्तार गरिने अपेक्षा राखिएको छ ।

स्थानीय निकायले पनि धनकुटा जिल्लास्थित छथर जोरपाटी गाउँपालिकाका सामुदायिक विद्यालयका १–३ कक्षाका बालबालिकाको पठन प्रवाह र बोधमा कार्यक्रमबाट भएको सुधार महसुस गरेका छन् । उनीहरूले यस कार्यक्रमका केही आयामलाई विद्यस अनुदान प्राप्त नगरेका विद्यालयमा आफ्नै पहलमा र स्रोतमा अवलम्बन गर्ने योजना पनि बनाएका छन्, जसले गर्दा दीपिका जस्ता कैयौँ बालबालिकाले अझै राम्रो पढ्ने वातावरण पाउन सक्नेछन् ।



*"राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमद्वारा सञ्चालित प्रादेशिक र सङ्घीय सरकारको संयुक्त अनुगमनका साथसाथै हाम्रा गाउँपालिकाबाट पनि विद्यालयहरूको नियमित अनुगमन हुने गर्दछ । हामीले हाम्रो गाउँपालिकाको कक्षागत पढाइ र सिकाइ उपलब्धिहरु पनि सङ्कलन गरेका छौँ, जसले बालबालिकाको पठन प्रवाहमा अधिकतम वृद्धि देखाएको छ ।"*

निर्मला सुवेदी
स्थानीय शिक्षा एकाइ प्रमुख,
छथर जोरपाटी गाउँपालिका





*"हामीले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सकारात्मक प्रभाव हाम्रा विद्यालयहरूमा देखेका छौं र यस नमुनालाई निरन्तरता दिन पनि चाहन्छौं । कार्यक्रमले ९ ओटा सामुदायिक विद्यालयलाई वित्यस अनुदान सहायता प्रदान गरेको थियो भने, गाउँपालिकाले ६ ओटा अन्य विद्यालयलाई अनुदान दिएको छ । बाँकी १३ विद्यालयमा पनि यस प्रकारका अनुदान उपलब्ध गराइने यो जना रहेको छ । जसबाट हाम्रा सबै सामुदायिक विद्यालयका प्रारम्भिक कक्षाहरूमा पढाइको वातावरण धेरै राम्रो बन्नेछ ।"*

शेरबहादुर लिम्बु
मेयर, छथर जोरपाटी गाउँपालिका

*"राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको कार्यान्वयनपश्चात् हाम्रो विद्यालयका शिक्षकहरू निकै सक्रिय भएका छन् । कक्षा १ देखि ३ मा हाजिरी-दर पनि वृद्धि भएको छ । कार्यक्रमको वित्यस अनुदानसँगै कक्षामा अझै राम्रो पढाइको वातावरण बनाउन, पढाइ मेला र पढाइ प्रतियोगिताहरूको प्रबन्ध मिलाउन, तथा सामुदायिक सहभागितालाई प्रोत्साहित गर्न पनि हाम्रो विद्यालय सफल भएको छ ।"*

हरिप्रसाद काफ्ले
प्रधानाध्यापक, सरस्वती आधारभूत विद्यालय

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका, काठमाडौं, नेपाल, सम्पर्कः ९७७-०१-४००१०१३

यो सामग्री अमेरिकि अन्तराष्ट्रिय बिकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगबाट तयार पारिएको हो । यस सामग्रीमा समेटिएका विषयवस्तु प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका एकल जिम्मेवेरी हुन् र तिनले युएसआइडी वा अमेरिकी सरकारको विचारको प्रतिनिधित्व गर्छन् भन्ने जरुरी छैन ।